# बालिका संरक्षण सु कन्या धन योजना कार्यक्रम संचालन कार्यविधी

## २०७६

लुम्बिनी साँस्कृतिक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, लुम्बिनी

नगरसभाबाट स्वीकृत मिति : २०७६।०४।२२

लुम्बिनी साँस्कृतिका नगरपालिकाको कार्य क्षेत्र भित्र जन्म भएका बालिकाको जिवन सुरक्षा शिक्षा र भविष्यलाई सुनिश्चित तुल्याई सुरक्षा सेवा प्रदान गर्ने हेतुले नगरपालिकाबाट उपलब्ध हुने सुरक्षा सेवा कार्यलाई व्यवस्थित गर्न यस नगरपालिकाको मिति २०७६/४/२२ गतेको चौथो नगरसभाको बैठकबाट बालिका संरक्षण सु-कन्या धन योजना कार्यक्रम लागू गरी नगरपालिका भित्र कार्यान्वयन गर्ने निर्णय भए बमोजिम यो बालिका संरक्षण कार्यक्रम सु-कन्या धन योजना संचालन कार्यविधी, २०७६ तयार पारिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधीको नाम बालिका संरक्षण सु-कन्या धन योजना कार्यक्रम संचालन कार्यविधी, २०७६ रहेको छ ।

(ख) यो कार्यविधी नगरकार्यपालिकाबाट स्विकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा :

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा, -

(क) **“कार्यविधी”** भन्नाले यस बालिका संरक्षण सु-कन्या धन योजना कार्यक्रम संचालन कार्यविधी, २०७६ लाई सम्झनु पर्छ ।

(ख) **“कार्यक्रम” भन्नाले** बालिका संरक्षण सु-कन्या धन योजना कार्यक्रमलाई सम्झनु पर्छ ।

(ग) **“बालिका”** भन्नाले जैविक रुपमा स्त्रीलिङ्ग भएका नवजात शिशुलाई सम्झनु पर्छ ।

(घ) **“कार्यक्षेत्र”** भन्नाले यस नगरपालिकाले ओगटेको भुभाग वा नगरपालिकाको भित्री ठाउँ बिशेषलाई वा वडाले ओगटेको भुभागलाई सम्झनु पर्छ ।

(ङ) **“कार्यालय”** भन्नाले नगरपालिका कार्यालय र वार्ड कार्यालय दुवैलाई सम्झनु पर्छ ।

(च) **“समिति”** भन्नाले बालिका संरक्षण समितिलाई सम्झनु पर्छ ।

(छ) **“बालिका संरक्षण”** भन्नाले बालिका संरक्षण सु-कन्या धन योजना कार्यक्रम अन्तर्गत नगरकार्यपालिकाले बालिकालाई कार्यविधिमा तोके बमोजिम प्रदान गर्ने सुविधाहरु भनि सम्झनु पर्छ ।

(ज) **“कर्मचारी”** भन्नाले नगरपालिका क्षेत्र भित्र कार्यरत नेपाल सरकार अन्तर्गत निजामती सेवा नियमावली अन्तर्गत वा नगर कार्यपालिकाबाट नियुक्त भएका कर्मचारी सम्झनु पर्छ ।

(झ) **“वित्तिय संस्था ”**भन्नाले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्था वा नगरपालिका कार्यालयबाट मान्यता प्राप्त अर्द्धसरकारी वित्तिय संस्था क, ख, ग श्रेणीको बैंक, वा बिमा संस्थाहरु भनि सम्झनु पर्छ ।

(ञ) **“करार”** भन्नाले दुई वा सो भन्दा बढी पक्ष बिच समय, पारिश्रमिक एवं आवश्कता अनुसार शर्तहरु समेत तोकेर तोकिएको कार्य सम्पादन गर्नको लागि गरिएको सम्झौता भनि सम्झनु पर्छ ।

३. उद्देश्यः

कार्यक्रम संचालन गर्नुको मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन ।

(क) नगरपालिका भित्र जन्मेका शिशु बालिकाहरु प्रति दर्शाइने अवहेलना एवं अस्विकार्यता जस्ता सामाजिक विकृतिहरुलाई निरुत्साहित गर्दै उनीहरुको जिवन सुरक्षा गर्न उनीहरुको मातापिता वा अभिभावकलाई प्रेरित गर्ने ।

(ख) बालिकाको लागि चाहिने स्वास्थय एवं  शिक्षा जस्ता अत्यावश्यक कुराहरुमा घरपरिवारको दायित्वलाई थप जिम्मेवारपुर्ण बनाउने, वालिकाको शिक्षा लगायतका क्षेत्रमा घरायसी एवं सामाजिक रुपमा गरिने भेदभावलाई निरुत्साहित गर्ने ।

(ग) बालिकाहरुको जिवनको सुरक्षा एवं भविष्यलाई आर्थिक रुपमा सहयोग पुर्‍याई मदत गर्ने ।

(घ) नगरपालिका भित्र रहेका बालिकाहरुको व्यक्तिगत अभिलेख राख्ने एवं उनीहरुसंग सम्बन्धित आवश्यक योजना एवं कार्यक्रमहरु संचालन गर्ने ।

४. प्रावधानहरुः

कार्यक्रम अन्तर्गतका उद्देश्यहरु पूर्ति गर्न गरिने क्रियाकलापहरुलाई कार्यान्वयन गर्न निम्नानुसारका प्रावधानहरुको व्यवस्था गरिनेछ ।

(क) अभिलेख व्यवस्थापन :

कार्यक्षेत्र भित्र बसोबास गर्ने नागरिक दम्पतिहरुबाट आ.व. २०७६/०७७ देखी जन्म लिएका नवजात शिशु बालिकाहरुको जन्म र निजको पारिवारिक विवरण (अनुसुची १ अनुसार) तयार गरी बालिका संरक्षण कार्य संचालन गर्न निम्न बमोजिम अभिलेख व्यवस्थापन कार्य गरिनेछ ।

अ) वडा कार्यालयले गर्नुपर्ने कार्यहरु :

क) वडा कार्यालयले निम्नानुसारका कागजातहरु संकलन एवं तयार गर्नुपर्ने छ ।

१) बालिकाको मातापिता वा मातापिता नभएमा हजुरबुबाको नागरिकताको प्रतिलिपी ।

२) बालिकाको जन्मदर्ता प्रमाणको  प्रतिलिपी ।

३) बालिकाको पारिवारिक विवरण सक्कल प्रति ।

४) बालिकाको मातापिता वा हजुरबुबाले दिएको निवेदन ।

ख) वडा कार्यालयले माथि उल्लेखित कागजातहरु संकलन एवं तयार गरी (सबै कागजातको एक प्रति प्रतिलिपी आफुसंग राखेर) सिफारिश सहित नगरकार्यपालिकामा पठाउनुपर्ने छ ।

ग) वडा कार्यालयले एउटा दम्पतिको बढीमा २ वटा शिशु बालिकाको लागि मात्र सिफारिश गर्नुपर्नेछ । (स्पष्टिकरण : एउटा बालिकाको जन्म भई संरक्षण कार्य भइसकेको र अर्को पटक जुम्ल्याहा शिशु बालिका जन्मेमा दुबै बालिका संरक्षण कार्यको लागि योग्य मानिनेछन् ।

घ) बालिका संरक्षणको लागि निवेदन लिंदा बढीमा ३ महिना सम्म उमेर पुगेको बालिकाको लागि निवेदन लिनु पर्नेछ तर यो कार्यविधी स्वीकृत भई वित्तिय संस्था संग सम्बन्धित भैसके पश्चात पहिलोपटकका लागि २०७६ श्रावण १ गते देखि जन्मेका बालिकाहरु ग्राहय हुनेछन् ।

ङ) कार्यक्रम सम्बन्धि प्रचार प्रसार एवं अन्य प्रवर्द्धनात्मक कार्यहरुमा सघाउ पुर्‍याउने ।

आ) नगरकार्यपालिकाले वडाको सिफारिस भई आएका कागजातहरुलाई एउटा छुट्टै अभिलेखालय तयार गरी रितपुर्वक बालिका संरक्षण समिति मार्फत आवश्यक प्रक्रिया संचालन गर्नेछ ।

**(ख) बालिका संरक्षण समिति गठन एवं समितिको काम, कर्तव्य र अधिकारहरु :**

अ) कार्यक्रमलाई सहज र सरल ढंगले संचालन गर्न नगरकार्यपालिकाले निम्नानुसारको ४ सदस्यीय बालिका संरक्षण समिति गठन गर्नेछ ।

१) नगर प्रमुख - अध्यक्ष

२) उप-प्रमुख - सदस्य

३) नगरकार्यपालिकाको सदस्य (महिला) - सदस्य

४) प्रमख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

**आ**) वडा अध्यक्षहरु आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछन ।

**इ**) बालिका संरक्षण समितिको काम कर्तव्य र अधिकारहरु निम्नानुसार हुनेछ ।

१) वडा कार्यालयबाट आएका सिफारिसहरुलाई अध्ययन गरी अध्यक्षबाट सहमति प्रदान गर्ने ।

२) कार्यक्रम अन्तर्गत सुविधाको लागि माग भई आएका कागजातहरुको उचित व्यवस्थापन कार्य गर्न निर्देशन दिने र सो कार्यको अनुगमन गर्नेछ ।

३) समितिको बैठक चौमासिक रुपमा अनिवार्य रुपमा बस्नु पर्नेछ ।

४) बैठक बस्दा सदस्य सचिवले कार्यक्रमको प्रगति प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

५) समितिको आकस्मिक बैठक बस्नु परेमा समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले नगरकार्यपालिकामा लिखित जानकारी गराएर बैठकको व्यवस्थापन गर्नु पर्ने छ ।

६) समितिको बैठक बस्दा अध्यक्ष नहुदा समेत सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ ।

७) समितिले आफै वा निर्देशन दिए बमोजिम निम्नानुसार कार्यक्रम सम्बन्धि प्रचार प्रसार एवं अन्य प्रवर्द्धनात्मक कार्यहरु गर्नेछ ।

अ) कार्यालयका पदाधिकारी एवं कर्मचारीहरुलाई विभिन्न अवसरहरु पारेर चेतनामुलक बालिका बचाउ अभियानमा संलग्न गराउने ।

**आ**) कार्यक्षेत्र भित्र चेतनामुलक तस्विर र प्रचार सामाग्रीहरु टाँस्ने ।

**इ**) बालबालिका, शिक्षा, स्वास्थ्य सरसफाई सम्बन्धि चेतनामुलक प्रचार प्रसार कार्य गर्ने ।

**ई**) सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग समन्वय, सहकार्य गर्ने ।

८) समितिले आगामी बर्षको लागि विनियोजन गर्नु पर्ने कार्यक्रमको बजेट तयार पारी नगरकार्यपालिकामा सिफारिश गर्नु पर्ने छ ।

९) बालिका संरक्षणको लागि छुट्टै बालिका संरक्षण कोष खडा गरी प्रत्येक बर्ष विनियोजन भएको बजेट रकम अनुसार कार्यक्रम संचालन गर्ने । साथै कोषको संचालन समितिको संरक्षकको सिफारिस सदस्य सचिव र लेखा मार्फत हुनेछ ।

१०) समितिका पदाधिकारीहरुले प्रत्येक वडाहरुमा कार्यक्रमको बारेमा जनसमुदायमा जानकारी भए नभएको बारेमा अनुगमन गरी आवश्यक कार्यक्रम तर्जुमा एवं संचालन गर्ने गराउने ।

११) कार्यक्रमबाट सुविधा पाएका परिवारसंग निरन्तर सम्पर्क गरी कार्यक्रमको प्रगति एवं प्रभावकारिताको बारेमा नगरकार्यपालिकाको बैठकमा जानकारी गराउने ।

१२) कार्यक्रमसंग सरोकार राख्न चाहने व्यक्ति तथा संस्थाहरुसंग सम्पर्क, समन्वय गर्ने ।

१३) कार्यक्रमलाई अझ दिगो र प्रभावकारी बनाउन आवश्यक उपायहरु पहिल्याउने र योजनाहरु तयार गरी कार्यान्वयन गर्न गराउन लगाउने ।

**(ग) कार्यक्रम अन्तर्गत उपलब्ध हुने सुविधाहरु :**

बालिका संरक्षण सु-कन्या धन योजना कार्यक्रम अन्तर्गत नगरकार्यपालिकाले नवजात शिशु बालिकाको शिक्षा, जिवन सुरक्षा एवं भविष्यमा केही आर्थिक मद्यत पुगोस भन्ने हेतुले वित्तिय संस्थामा निजको नाममा २० बर्षे मुद्यती खाता खोली एकमुष्ठ रु. २०,०००।- (अक्षेरुपी बिस हजार मात्र) अनुदान स्वरुप जम्मा गरिदिनेछ । उक्त रकममा निज बालिकाको परिवारबाट ५०००।- (अक्षेरुपी पाँच हजार मात्र) थप गर्नु पर्नेछ ।

**घ) बालिका संरक्षण कोषमा रकम फिर्ता हुने :**

२० वर्ष भन्दा अगावै विवाह गरेमा वा कम्तीमा १० कक्षासम्म शिक्षा हासिल नगरेमा शिशुको नाममा जम्मा गरिएको सम्पूर्ण रकम नगर कार्यपालिकाको बालिका संरक्षण सु -कन्या धन योजना कोषमा फिर्ता हुनेछ ।

**ङ) वित्तिय संस्थासंगको सम्बन्धन एवं कार्यान्वयन :**

वित्तिय संस्थासंगको सम्बन्धन कार्यको लागि निम्न प्रक्रिया अपनाइने छ ।

अ) नगरकार्यपालिकाले बालिका संरक्षण सु -कन्या धन योजना कार्यक्रम संचालनका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्था वा नगरपालिका कार्यालयबाट मान्यता प्राप्त अर्धसरकारी वित्तिय संस्था संग सम्बन्धन र सहकार्य गर्नेछ । सो कार्यको लागि निम्न कुराहरुमा ध्यान दिइनेछ ।

१) वित्तिय संस्था मुद्यती निक्षेप कार्यमा अग्रणी वित्तिय संस्था हुनुपर्ने ।

२) वित्तिय संस्था राष्ट्रिय स्तरको ख्याति प्राप्त वित्तिय संस्था रुपमा परिचित हुनुपर्ने ।

३) बढी भन्दा बढी ब्याज दिने खालको हुनुपर्ने ।

४) वित्तिय संस्थाको वित्तिय अवस्था मजबुत हुनुपर्ने ।

आ) माथि उल्लेखित बुंदा अनुसारका कार्यक्रममा सघाउन ईच्छुक वित्तिय संस्थाहरुलाई **आव्हान गरी** उनीहरुसंग सम्पर्क र समन्वय गरी छनौट गर्नको लागि समितिको बैठक बसी निर्णय लिइनेछ ।

इ) समितिको सिफारिशमा छनौट भएको वित्तिय संस्था सुविधा पाउने ग्राहक (बालिका) को हितलाई सर्वोपरी मानी नगरकार्यपालिकाले उक्त वित्तिय संस्थासंग कार्यक्रम संचालनको लागि करार सम्झौता गर्नेछ ।

ई) कारणवश बालिकाको मृत्य भएमा उक्त अवधि सम्मको निक्षेप रकम र सो को हुन आउने ब्याज र वित्तिय संस्थाबाट प्राप्त हुन सक्ने अन्य सहयोग समेत कुल हुन आउने रकम बालिकाको अभिभावकलाई रकम हस्तान्तरण गरी क्रिया खर्चमा लगाउने ।

उ) उक्त सम्झौता कार्यको लागि नगरकार्यपालिकाले प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गर्नेछ ।

ऊ) बालिका संरक्षण सु -कन्या धन योजना कार्यक्रमको लागि वित्तिय संस्थालाई चाहिने कागजातहरु उपलब्ध गराई उक्त कार्य सुसम्पन्न हुंदै जानेछ ।

ए) नगरकार्यपालिका र वित्तिय संस्थाको बिचमा बालिका संरक्षण सु -कन्या धन योजना कार्यक्रम सँग सम्बन्धित अन्य कुराहरु दुवै बिचको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**च) अन्य कार्यहरु :**

कार्यक्रम अन्तर्गत गरिने अन्य कार्यहरु निम्नानुसार हुनेछन ।

१) बालिका संरक्षण सु -कन्या धन योजना कार्य पश्चात्त सो को प्रमाणको प्रतिलिपी नगरकार्यपालिकाले अभिलेखको रुपमा राख्नेछ र सक्कल प्रति बालिकाको मातापिता वा अभिभावकलाई बुझाइनेछ ।

२) सु -कन्या धन योजना संरक्षण कार्य गर्दा उल्लेख भए बाहेक थप अन्य कागजात चाहिएमा नगरकार्यपालिकाको कार्यालयले बालिकाको अभिभावकसंग माग गर्नेछ ।

**५. अख्तियारी सम्बन्धमा :**

यो बालिका संरक्षण सु -कन्या धन योजना कार्यक्रम संचालन कार्यविधी, २०७६ मा व्यवस्था गरिएका प्रावधानहरु संसोधन एवं थपघट गर्ने सम्पुर्ण अधिकार नगरकार्यपालिकामा निहित रहनेछ ।

**६. संक्षेपीकरण :**

श्री लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्य क्षेत्र भित्र जन्म भएका बालिकाको जिवन सुरक्षा र भविष्यलाई सुनिश्चित एवं सम्मानित बनाउनको लागि नगरकार्यपालिकाले नवजात शिशु बालिकाहरुको लागि बालिका संरक्षण एवं वालिकाको शिक्षाको विकास गर्ने भनि लुम्बिनी साँस्कृतिक नगरपालिकाको चौथो नगरसभाबाट योजना पारित भई बालिका संरक्षण सु -कन्या धन योजना कार्यक्रम संचालन गर्नको लागि वित्तिय संस्था संग सम्बन्धन गरेर नवजात शिशु बालिकाको नाममा निज किशोरी चरण पार गर्दा आफ्नो भविष्य प्रति ढुक्क हुन सकोस भन्ने हेतुले आर्थिक सहयोग सहितको कार्यक्रम तर्जुमा गरिएको छ । बालिका भ्रुण हत्या, शिक्षामा हुने भेदभाव बालविवाह तथा लैङ्गिक विभेद जस्ता सामाजिक कुरीतीलाई निराकरण गर्ने उद्देश्यबाट अभिप्रेरित यस कार्यक्रमलाई अझ बढि प्रभावकारी बनाउनको लागि नगरपालिका भित्र हरेक तह र तप्कामा प्रवद्धर्नात्मक क्रियाकलाप गरी कार्यक्रमलाई सफल गराउने प्रयास गरिनेछ ।

# लुम्बिनी साँस्कृतिक नगरपालिका

अनुसुची १

नगर कार्यपालिकाको कार्यालय, लुम्बिनी, रुपन्देही

**पारिवारिक विवरण**

(बालिका संरक्षण कार्यक्रम संचालन प्रयोजनको लागि)

| परिवारका सदस्यको जानकारी | | शैक्षिक योग्यता | बालिकाको पासपोर्ट साईजको फोटो | |
|---|---|---|---|---|
| बालिकाको नाम : | | | | |
| पिताको नाम : | | | | |
| माताको नाम : | | | | |
| हजुरबबाको नाम : | | | | |
| हजुरआमाको नाम : | | | | |
| दाजु/भाईको नाम : | | | परिवार संख्या : | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ठेगाना : | | | | | | | | | | |
| बालिकाको जन्म अवस्था : | एकल | पहिलो | | दोस्रो | | जुम्लयाहा | पहिलो | | दोस्रो | |
| बालिकाको जन्म स्थान : | | | | | | | | | | |
| बालिकाको जन्म मिति : | वि.स. मा : | | | | | ई.स. मा : | | | | |

| | | |
|---|---|---|
| परिवारको आर्थिक अवस्थाः | | |
| क. खेती योग्य जग्गा (कुल क्षेत्रफल): | (विगाहा-कठ्ठा -धुर) | |
| ख. अन्य पेशाहरु : | १. | २. |
| ग. थप आम्दानीका श्रोतहरु : | १. | २. |
| परिवारको घरको अवस्था : | घर संख्या : | ........वटा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क. घरको किसिम : | कच्ची | | पक्की | | दुवै | | | | | |
| ख. घरको छानो : | खरको | | जस्ताको | | ढुङ्गाको | | पक्की | | अन्य | |
| ग. घरको स्तर | एकतल्ले | | दुईतल्ले | | तिनतल्ले | | चारतल्ले | | | |
| दोपाया/चौपाया : | गाई/गोरु | ....वटा | भैंसी | ....वटा | बाखा | ....वटा | कुखरा/हाँस | ....वटा | | |
| सवारी साधनः | बस/ट्रक | ....वटा | कार/जिप | ....वटा | मो.साईकल | ....वटा | अन्य | ....वटा | | |

| | | | |
|---|---|---|---|
| संरक्षकको फोटो | बाबुको फोटो | आमाको फोटो | कैफियत |

**नोटः परिवारमा अन्य सदस्य भए यहाँ वा छुट्टै पानामा थप गर्ने ।**